220

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त यशोदा तिम्सिना

## आदेश

मु.नं. २४५/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ....................................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, डोटी ..............१ विपक्षी
सूचना अधिकारी, शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, डोटी...............१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, डोटी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा निवेदन गरेकोमा आयोगको मिति २०७१।९।२४ को आदेश बमोजिम शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, डोटीको मिति २०७१।११।२९, च.नं. ४६५, प.सं. ०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना यस आयोगको नाममा प्रेषित गरी बोधार्थ पत्रको माध्यमद्वारा निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको जानकारी आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

..........................
यशोदा देवी तिम्सिना
(सूचना आयुक्त)

..........................
कृष्णहरि बाँस्कोटा
(प्रमुख सूचना आयुक्त)

ईति सम्वत् २०७१ साल चैत्र २० गते रोज ६ शुभम् ।